# ऐसेलुखर्क गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक-२०७८

**प्रस्तावनाः** ऐसेलुखर्क गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन र आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ऐसेलुखर्क गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७८"** रहेको छ ।

(२) यो **ऐन २०७८** साल श्रावण १ **गते शुक्रबार** देखि **ऐसेलुखर्क गाउँपालिका** क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि ( १) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ( ३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. घर धुरी करः** गाउँपालिका क्षेत्रभरिका सवै घरधुरीहरुलाई अनुसुची -१२ बमोजिम घरधुरी कर लागाइनेछ ।

६. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषे ध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ( ६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश **कानून** स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ( ८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

११. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्य वस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्या)फ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि ( ११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ( १२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## एकिकृत सम्पत्ति कर

एकिकृत सम्पति कर विस्तृत अध्ययन पछि लागू गर्ने निर्णय भएकोले हाल यो अनुसूचिमा करका दरहरु खालि राखिएको छ ।

एमेलुर्क गाँउपालिका

अनुसूचि-२

(दफा ३ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## भूमि कर (मालपोत)

| बारी | दर | प्रति रोपनी |
|---|---|---|
| अब्बल (१० रोपनी भन्दा कम ) | १५।०० | - |
| अब्बल (१० रोपनी भन्दा बढी ) | ३०।०० | ३।०० |
| दोयम (१० रोपनी भन्दा कम ) | १०।०० | - |
| दोयम (१० रोपनी भन्दा बढी ) | २०।०० | २।०० |
| सीम (१० रोपनी भन्दा कम ) | ८।०० | - |
| सीम (१० रोपनी भन्दा बढी ) | १५।०० | १।५० |
| चाहार (१० रोपनी भन्दा कम ) | ५।०० | - |
| चाहार (१० रोपनी भन्दा बढी ) | १०।०० | १।०० |
| **खेत** | | |
| अब्बल (१० रोपनी भन्दा कम ) | २५।०० | - |
| अब्बल (१० रोपनी भन्दा बढी ) | ५०।०० | ५।०० |
| दोयम (१० रोपनी भन्दा कम ) | २०।०० | - |
| दोयम (१० रोपनी भन्दा बढी ) | ४०।०० | ४।०० |
| सीम (१० रोपनी भन्दा कम ) | १५।०० | - |
| सीम (१० रोपनी भन्दा बढी ) | २५।०० | २।५० |
| चाहार (१० रोपनी भन्दा कम ) | १०।०० | - |
| चाहार (१० रोपनी भन्दा बढी ) | २०।०० | २।०० |

अनुसूचि-३

(दफा ४ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**घर वहाल कर**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर वा पोखरी पुरै वा आंशिक रुपले वहालमा दिएकोमा गाउँपालिकालाई वहाल वा जग्गा कर १०% बुझाउनु पर्नेछ ।

अनुसूचि-४

(दफा ५ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## व्यवसाय कर

## (वार्षिक रुपमा लाग्ने करलाई छुट दिइएको छ)

| व्यवसाय कर | | |
|---|---|---|
| मदिरा पसल | वितरक | १०००।०० |
| | थोक | ५००।०० |
| | खुद्रा | ५००।०० |
| चुरोट बिडी सुर्ती जन्य | वितरक | २०००।०० |
| | थोक | १५००।०० |
| | खुद्रा | २००।०० |
| हल्का पेय पदार्थ | वितरक | १५००।०० |
| | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |
| सुनचाँदी पसल | थोक | १५००।०० |
| | खुद्रा पसल र मर्मत | १०००।०० |
| औषधी पसल | थोक | ३०००।०० |
| | खुद्रा डाक्टर भएको | २०००।०० |
| | खुद्रा डाक्टर नभएको | १०००।०० |
| माछामासु बिक्री पसल | | १०००।०० |
| आयुर्वेदिक औषधी पसल | | ५००।०० |
| एग्रोभेट पसल | थोक | २०००।०० |
| | खुद्रा | २००।०० |

| | | |
|---|---|---|
| स्टेशनरी तथा पुस्तक पसल | थोक | १५००।०० |
| | खुद्रा | ५००।०० |
| छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २०००।०० |
| | साधारण प्रेस | ५००।०० |
| कस्मेटिक पसल | | ५००।०० |
| मोटर पार्ट्स | थोक | २०००।०० |
| | खुद्रा | ५००।०० |
| प्लाइ तथा ग्लास | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |

| | | |
|---|---|---|
| कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |
| धागो टाक पसल | थोक | १०००।०० |
| | खुद्रा | १००।०० |
| इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३०००।०० |
| | थोक | १५००।०० |
| | खुद्रा | १०००।०० |
| हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | २०००।०० |
| | खुद्रा | १०००।०० |
| पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।०० |
| | पेट्रोल बिक्री केन्द्र | ३०००।०० |
| | ग्यास सिलिन्डर सब डिलर | ३०००।०० |
| | मट्टितेल मात्र बिक्री | २००।०० |
| स्टिल आलमुनियम पसल | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |
| फर्निचर | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |
| ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | १०००।०० |
| कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | २००।०० |
| | हाते मेसिन | १००।०० |
| स्नुकर तथा पुल हाउस | | १०००।०० |
| क्यारेम बोर्ड | | २००।०० |
| पशु आहार बिक्री केन्द्र | | २००।०० |
| किराना पसल | थोक | १०००।०० |
| | खुद्रा | २००।०० |
| फलफूल/तरकारी पसल | थोक | ५००।०० |
| | खुद्रा | २००।०० |
| उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | ५००।०० |
| | खुद्रा | २००।०० |
| भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १०००।०० |
| | खुद्रा | ५००।०० |
| माटाको भाँडा पसल | थोक, खुद्रा | १००।०० |
| विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००।०० |
| | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २०००।०० |

| | | |
|---|---|---|
| | कानुन व्यावसायी ल फर्म | २०००।०० |
| | लेखापरीक्षण व्यावसायी | २०००।०० |
| | दन्तचिकित्सक | २०००।०० |
| | अनुसन्धानकर्ता परामर्शदाता | २०००।०० |
| | पशु चिकित्सक डाक्टर | २०००।०० |
| | रोजगार सेवा | ३०००।०० |

| | | |
|---|---|---|
| ढुवानी तथा ट्रान्सपोर्ट | | १०००।०० |
| पेन्टर/ साइनबोर्ड लेख्ने | | १००।०० |
| खोटो व्यवसायी | | १०००।०० |
| जग्गा व्यवसायी | | २०००।०० |
| निर्माण व्यवसायी | | २०००।०० |
| यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ५००।०० |

| | | |
|---|---|---|
| **उत्पादनमूलक उद्योग** | | |
| ग्रील उद्योग | | १०००।०० |
| जुत्ता उद्योग | | ५००।०० |
| घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | १००।०० |
| कपडा तथा गार्मेन्ट उद्योग | | १०००।०० |
| सिरक डसना उद्योग पसल | | ५००।०० |
| कुटानी पेलानी/ मिल | | ५००।०० |
| मसला मिल | | ५००।०० |
| नोटः यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्ने छ । | | |
| डेरी उद्योग/ व्यवसाय | | ५००।०० |
| उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | ५००।०० |
| | दालमोट पाउरोटी चाउमीन | २००।०० |
| | पापड चिप्स फिगर | २००।०० |
| वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | २०००।०० |
| | काठ बिक्री डिपो | ५००।०० |
| क्रसर-कन्क्रीट-इटा भट्टा उद्योग | | ५०००।०० |

| | | |
|---|---|---|
| ढाकाटोपी पस्मिना उद्योग | | १००।०० |
| सुर्तिजन्य उद्योग | | ५०००।०० |
| होटल लज रेष्टुरेन्ट | होटल र लज | १०००।०० |
| | भोजनालय | ५००।०० |
| | मिठाई पसल | ५००।०० |
| | पार्टी प्यालेस | २५००।०० |
| | रेष्टुरेन्ट-बार | २०००।०० |
| | चिया र खाजा पसल | २००।०० |
| | साना,खाजा-नास्ता पसल (मदिरासहित) | १०००।०० |
| टेन्ट हाउस | | २०००।०० |
| **सेवा उद्योग** | | |
| सञ्चार | एफ.एम. प्रसारण | २०००।०० |
| | केवुल च्यानल प्रसारण | २०००।०० |
| | पत्रपत्रिका प्रकाशन सेवा | १०००।०० |
| | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ५००।०० |
| | कुरियर सेवा | १०००।०० |
| | कलर ल्याब/ फोटोस्टुडियो | ५००।०० |
| वित्तीय | वाणिज्य वैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ५०००।०० |
| | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ४०००।०० |
| | फाइनान्स कम्पनी शाखा कार्यालय | ३०००।०० |
| | वित्तीय/ ऋण सहकारी संस्था | २०००।०० |
| | मनी ट्रान्सफर | १०००।०० |
| | विमा कम्पनी | २०००।०० |
| | लघु वित्त | २०००।०० |
| स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५००।०० |
| | क्लिनिक तथा ल्याब | १०००।०० |
| | चस्मा पसल | ५००।०० |
| शिक्षा सेवा निजी | क्याम्पस | २०००।०० |
| | मावि/ उच्चमावि | १५००।०० |
| | मावि | १०००।०० |
| | आधारभूत | १०००।०० |

| | | |
|---|---|---|
| | प्राथिमिक | १०००।०० |
| | छात्रावास | १०००।०० |
| | मन्टेश्वरी | १०००।०० |
| | पूर्व प्राथमिक | ८००।०० |
| | ट्युशन सेन्टर | १५००।०० |
| | कम्प्युटर / नृत्यकला सिकाइ केन्दर | १०००।०० |
| | तालीम तथा अनुसन्धान केन्द्र | १०००।०० |
| मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | २००।०० |
| | इन्जिन मर्मत | १५००।०० |
| | डेन्टिङ्ग पेन्टिङ्ग | १५००।०० |
| | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १०००।०० |
| | मोटरसाइकल मर्मत | ५००।०० |
| | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २०००।०० |
| | अन्य विविध मर्मत | ५००।०० |
| ड्राइ क्लिनिक, ब्युटी पार्लर तथा सैलुन | | १०००।०० |
| फूल विरुवा पसल | | ५००।०० |
| गैर सरकारी संस्थाहरु | राष्ट्रिय | १०००।०० |
| | अन्तराष्ट्रिय | ५०००।०० |

अनुसूचि-५

(दफा ६ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.सं | विवरण | पारित |
|---|---|---|
| १ | उन बार्षिक | उल्लेखित वस्तुमा लगाउने करका दरहरु विस्तृत अध्ययन पछि लागु गरिनेछ। |
| २ | खोटो प्रति के.जि | |
| | (प्रचलित कानुन बमोजिम निषेधित गरीएका जडिवुटि) | |
| ३ | टिमुर प्रति के.जि | |
| ४ | तेजपात प्रति के.जि | |
| ५ | चिउरी प्रति के.जि | |
| ६ | कुरीलो प्रति के.जि | |
| ७ | अन्य | |
| ८ | वनकस(प्रतिक्वीन्टल) | |
| ९ | प्रचलित कानुनले निषेध नगरेको मृत जिवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तु | |
| १० | अलैची | |
| ११ | चिरैतो | |

अनुसूचि-६

(दफा ७ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## सवारी साधन कर

| | | |
|---|---|---|
| सवारी साधन कर | बस ट्रक र ट्रयाक्टर | २०००।०० |
| | भाडाका कार जिप | १०००।०० |
| | निजी कार, जीप, मयुरी | १०००।०० |
| | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | २००।०० |
| | ठेलागाडा तथा रिक्सामा | ५००।०० |
| | हेबी गाडी स्काभेटर | २००००।०० |
| पटके सवारी कर | | १००।०० |

ऐसेलुखर्क गाउँपालिका

अनुसूचि-७

(दफा ८ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## विज्ञापन कर

| | | |
|---|---|---|
| विज्ञापन कर | सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक | १०००।०० |

एमेलदुर्ख गाँउपालिका

अनुसूचि-८

(दफा ९ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**मनोरञ्जन कर**

मनोरञ्जन कर ऐतिहासिक पुरातात्विक एवं धार्मिकस्थलहरुको व्यवस्थापन गरी स्थानीय वासिहरुको सहकार्यमा प्रवेश शुल्कको व्यवस्था गरी पर्यटकहरु वाट प्रवेश शुल्कको २% रकम गाउँपालिकाले मनोरञ्जन कर वापत लिन सक्नेछ ।

– साँस्कृतिक प्रदर्शन हल, नाच घर , दोहोरी संगीत तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीमा प्रवेश शुल्कमा २ प्रतिशत मनोरञ्जन कर लाग्ने छ ।

– जादु, सर्कश, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर वापत अनुमतिका लागि गरिने सिफारिस  दस्तुरका अतिरिक्त प्रत्येक दिन रु ३००।- लिईने छ ।

एमेलुङ्खर्क गाँउपालिका

अनुसूचि-९

(दफा १० संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## बहाल बिटौरी शुल्क

ऐसेलुखर्क गाउँपालिका क्षेत्रभित्र लाग्ने दैनिक हाटवजार/साप्ताहिक हाटवजारमा प्रति दिन देहायका दरले कर लाग्नेछ ।

| क.सं | विषय | विवरण | पारीत |
|---|---|---|---|
| १ | माछा मासु विक्रि सम्वन्धि | खसि वोका काटी विक्रि गर्ने पसलमा प्रति गोटा | १० |
| | | सुंगुर वंगुर काटी विक्रि गर्ने पसलमा प्रति गोटा | १० |
| | | राँगा काटी विक्रि गर्ने | ५० |
| २ | कपडा तथा जुत्ता सम्वन्धि व्यवसाय | रेडिमेट सामान र थान कपडा विक्रि गर्ने पसल | १० |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल ठुलो | १० |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोची | ५ |
| ३ | तरकारी तथा फलफुल व्यवसाय | फलफुल नास्ता ठेलामा राखी विक्रि गर्ने | १० |
| | | सागसब्जी डोकामा ल्याई वेच्ने | ५ |
| | | भारमा सव्जी ल्याआई वेच्ने | ५ |
| | | सिजन अनुसार साग सव्जी आलु ल्याई वेच्ने ठुलो | १० |
| | | सिजन अनुसार साग सव्जी आलु ल्याई वेच्ने सानो | ५ |
| | | फलफुल साग सव्जी वयल गाडा | १० |
| | | फलफु साग सव्जी प्रति वोरा र अन्य सानो फलफुल पसल | ५ |
| ४ | खाद्यान्न सँग सम्वन्धित | चामल दाल अदुवा,लसुन खुर्सानी आदी विक्रि गर्ने पसल | १० |
| | | मकै पोली वेच्ने | ५ |
| | | किराना पसल | १० |
| | | माछा मासु तरकारी बिक्रि गर्ने | १० |
| ५ | परम्परागत शिप सँग सम्वन्धित | माटाका भाडा वेच्ने पसल ठुलो | १० |
| | | माटाका भाडा वेच्ने पसल सानो | ५ |
| | | कुचो कुनिया नाँलो वेच्ने | ५ |
| | | जडिवुटि विक्रि गर्ने | १० |

ऐसेलुखर्क गाउँपालिका भित्र लाग्ने दैनिक हाटवजार, साप्ताहिक हाटवजारमा प्रति दिन देहायका दरले कर लाग्ने छ ।

| क.सं | विषय | विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पशुपंक्षि विक्रि सँग सम्वन्धित | जिउदो खसी, वोका, राँगा, संगुर वेच्नेलाई प्रतिगोटा | २० | एउटा मात्र हाँस परेवा कुखुरा वेच्ने लाई कर नलाग्ने |
| | | हाँस परेवा वेच्नेलाई | १० | |
| २ | अन्य व्यवसाय | चुरा धागो टिका श्रृगारका सँग | ५ | |

| | | | | |
|---|---|---|---|---|
| | सँग सम्वन्धित कर | सम्वन्धित | | |
| | | मुरली वासुरी गुलेली थैली जुम्रा उडुस मार्ने औषधि वेच्ने | ५ | |
| | | खेल तमासा देखाउनेलाई | १० | |
| | | प्रचार प्रसार गरी व्यवसाय गर्ने | २० | |
| | | वाँस प्रति वयल गाडा | १० | |
| | | वाँस प्रति ट्रक | १०० | |
| | | खटीयामा सामान राखी वेच्ने | ५ | |
| | | फलामको औजार तथा सामान वेच्ने | १० | |
| | | भाडाकुडा पसल | २० | |
| | | फोटो फ्रेमिङ्ग | १० | |
| | | मर्मत (कुकर लाईट,छाता आदी) | १० | |

माथि उल्लेख नभएको व्यवसायको हकमा गाउँपालिकाले निर्णय गरी रु १० देखि ५०० सम्म लिन सक्नेछ ।

अनुसूचि-१०

(दफा ११ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## पार्किङ शुल्क

| | | |
|---|---|---|
| पार्किङ् शुल्कः प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, ट्याक्टर, जीप | २०।०० |
| | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रतिघण्टा | १०।०० |

सवारी पार्किङ्ग स्थान गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

एमेलखुर्क गाँउपालिका

(दफा १२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**ट्रेकिङ्ग, कायाकिङ्, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्या१फ्टीङ्ग शुल्क**

ऐसेलुखर्क गाउँपालिकाले यस गाउँपालिका भित्र र्‍याफ्टिङ्ग गरेवापत प्रतिपटक रु १० र ट्रेकिङ्ग प्रतिपटक रु १० का दरले कर लगाउने ।

ऐसेलुखर्क गाँउपालिका

अनुसूचि-१२

(दफा १३ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२८ (२) बमोजिम

## सेवा शुल्क, दस्तुर

| | **सिफारीसर प्रमाणित** | | |
|---|---|---|---|
| | **विवरण** | **विस्तृतविवरण** | **दर** |
| १ | घरजग्गा नामसारी सिफारीस | ५ रोपनी सम्म | १००।०० |
| | | ५ देखि १० रोपनीसम्म | १५०।०० |
| | | १० देखि २० रोपनीसम्म | २००।०० |
| | | २० देखि ५० रोपनीसम्म | ३००।०० |
| | | ५० रोपनीभन्दा माथि | ५००।०० |
| | | | |
| २ | मोही लगत कट्टा सिफारीस | १ रोपनी सम्मको | १००।०० |
| | | १ रोपनी भन्दा माथिको | २००।०० |
| ३ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | ५।०० |
| | | कच्ची घर (प्रति वर्ग फिट) | २।०० |
| ४ | सरजमिन सिफारीस दस्तुर | | २००।०० |
| ५ | छात्रवृति सिफारीस | | १००।०० |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क |
| ७ | अपाङ्गता भएको सिफारीस | | निशुल्क |
| ८ | अस्थाइ बसोबास सिफारीस | | १००।०० |
| ९ | स्थायी बसोबास सिफारीस | | १००।०० |
| १० | नागरिकता सिफारीस | वंशज | १००।०० |
| | | अंगिकृत | २०००।०० |
| ११ | विद्युत जडान सिफारीस | | १००।०० |
| १२ | धारा जडान सिफारीस | | १००।०० |
| १३ | जीवित रहेको सिफारीस | | १००।०० |
| १४ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | १००।०० |
| १५ | व्यवसाय बन्द सिफारीस | | १००।०० |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | १००।०० |

| | | | |
|---|---|---|---|
| १७ | व्यापार व्यवसाय नभएको सिफारीस | | १००।०० |
| १८ | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क |
| १९ | नाबालक परिचयपत्र सिफारीस | | ५०।०० |
| २० | चौपाया सम्बन्धी सिफारीस | | ५०।०० |
| २१ | व्यवसाय दर्ता सिफारीस | | ५००।०० |
| २२ | उद्योग ठाउँसारी सिफारीस | | ५००।०० |
| २३ | विद्यालय ठाउँसारी सिफारीस | | १०००।०० |
| २४ | आन्तरिक बसाइसराइ सिफारीस | | १००।०० |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | ५००।०० |
| २६ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | १००।०० |
| २७ | जग्गा दर्ता सिफारीस | | ५००।०० |
| २८ | संरक्षक सिफारीस व्यक्तिगत | | १००।०० |
| २९ | संरक्षक सिफारीस संस्थागत | | २००।०० |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | | १००।०० |
| ३१ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | १००।०० |
| ३२ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निशुल्क |
| | | सशुल्क उपचारको लागि | |
| ३३ | संस्था दर्ता सिफारीस | | ५००।०० |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | १००।०० |
| ३५ | जीवित सँगको नाता प्रमाणित | | १००।०० |
| ३६ | मृतकसँगको नाता प्रमाणित | | १००।०० |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | २० लाख सम्म | ५००।०० |
| | | २०लाख भन्दा माथि | १०००।०० |
| ३८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | निशुल्क |
| ३९ | जग्गा मुल्याङ्कन सिफारीस/ | | १००० मा १ रूपैया |

| | | | |
|---|---|---|---|
| | प्रमाणित | | |
| ४० | चारकिल्ला प्रमाणित | | २००।०० |
| ४१ | जन्ममिति प्रमाणित | | १००।०० |
| ४१ | घर बाटो प्रमाणित | बाटो भएको | २००।०० |
| | | बाटो नभएको | १००।०० |
| ४२ | विवाह प्रमाणित | | १००।०० |
| ४३ | घर पाताल प्रमाणित | | १००।०० |
| ४४ | कागज/ मञ्जुरिनामा प्रमाणित | | १००।०० |
| ४५ | हकवाला वा हकदार प्रमाणित | | १००।०० |
| ४६ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | १०००।०० |
| | | कच्ची | ५००।०० |
| ४७ | अविवाहित प्रमाणित | | १००।०० |
| ४८ | अपुताली सिफारिस | | १००।०० |
| ४९ | अन्य सिफारीस वा प्रमाणित | | १००।०० |
| ५० | घर नक्सापास दस्तुर | पक्की घर | १०००।०० |
| | | कच्ची घर | ५००।०० |
| ५१ | **घर धुरि कर वार्षिक** | सामान्य घर | ५०।०० |
| | | जस्ता/ढुंगा/टायलको छाना | १००।०० |
| | | पक्की | ५००।०० |
| ५२ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०।०० |
| ५३ | सरसफाइ शुल्क | मासिक प्रति घर | ५०।०० |
| | | होटल ब्यबसाय | १००।०० |
| | | सरसफाइ कार्डको | १००।०० |
| | | फोहोर दस्तुर कार्ड | ३०।०० |
| ५४ | घर खाली गराउँदा प्रतिदिन | | १००।०० |
| माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनः लाग्नेछ । र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ५०० लाग्नेछ । माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपैया दस्तुर लाग्नेछ । | | | |
| | **दर्ता शुल्क** | | |
| ५५ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० |
| ५६ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० |

| | | | |
|---|---|---|---|
| ५७ | बसाइसराइ जाने आउने दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० |
| ५८ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० |
| ५९ | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।०० |
| ६० | नया व्यवसाय दर्ता | ५ लाख सम्म | ५००।०० |
| | | ५ लाखदेखि २० लाख सम्मको | १०००।०० |
| | | २० लाखदेखि माथि | २०००।०० |
| ६१ | कृषक समूह दर्ता | | ५००।०० |
| ६२ | संस्था दर्ता | | २०००।०० |
| ६३ | सहकारी दर्ता | | २५००।०० |
| ६४ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | १००।०० |
| ६५ | व्यवसाय नविकरण | ५ लाख सम्म | ५००।०० |
| | | ५ लाखदेखि २० लाख सम्मको | १०००।०० |
| | | २० लाखदेखि माथि | १५०००।०० |
| ६६ | कृषक समूह नवीकरण | ५००।०० | |
| ६७ | संस्था नबिकरण | १०००।०० | |
| ६८ | सहकारी नवीकरण | १५००।०० | |

एमेलदुर्क गाउँपालिका

अनुसूचि-१३

(दफा १४ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८ (२) बमोजिम

**पर्यटन शुल्क**

ऐसेलुखर्क गाउँपालिकामा आउने स्वदेशी पर्यटकलाई निशुल्क र विदेशी पर्यटकलाई रु ५०० प्रवेश शुल्क लगाउने ।